# राइनास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय तीनपिप्ले,लमजुङ गण्डकी प्रदेश, नेपाल २०७३

प.स. : ०८०।८१। बै.८५
चलानी.न : ६६८

मिति २०८०।०७।१०

विषय : नगर कार्यपालिकाको ३७ औ (स्थानीय तह सदस्य निर्वाचन २०७९ पछिको ) बैठक सम्बन्धमा ।

श्रीमान् नगर उप-प्रमुख ज्यू,
श्रीमान् वडा अध्यक्षज्यूहरु एवम् नगर कार्यपालिका सदस्यज्यूहरु सबै वडा (१० जना )
श्रीमान नगर कार्यपालिकाका सदस्यज्यूहरु सबै (८ जना )
राइनास नगरपालिकाका, तीनपिप्ले, लमजुङ ।

उपर्युक्त सम्बन्धमा , स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६(४) खण्ड (क)(१) बमोजिम यस राइनास नगरपालिकाका नगर प्रमुखज्यूको निर्देशन अनुसार तपशिलका प्रस्तावित छलफलका विषयसूची(Agenda) अनुसारका छलफलका विषयहरुमा छलफल गरी निर्णय गर्नको लागि सोही ऐनको दफा १७ बमोजिम निम्न मिति, समय र स्थानमा यस राइनास नगर कार्यपालिकाको ३७ औ (स्थानीय तह सदस्य निर्वाचन २०७९ पछिको) बैठकमा उपस्थिति एवम् सहभागिताका लागि निर्देशानुसार अनुरोध गरिन्छ ।

**तपशिल :**

मिति : २०८०।०७।१३
समय : विहान ठिक ११: ३० बजे
स्थान : राइनास नगरपालिकाको बैठक कक्ष

२०८०/७/१०
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावित छलफलका विषयसुचिहरु (Agendas) :**

१) मिति २०८०।०६।१८ गतेको ३६ औ नगर कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको समीक्षा पुनरावलोकन(Review) सम्बन्धमा ।
२) राइनास नगर कार्यपालिका अन्तरगतका १० वटा वडा कार्यालयहरुको चालु प्रशासनिक खर्च बजेट विनियोजन गर्ने सम्बन्धमा ।
३) राइनास नगर कार्यपालिका अन्तरगत आ.व. २०८०/८१ मा संचालन/कार्यान्वयन गर्ने गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मे.इ.पा.) का लागि वडा छनोट गरी कार्यक्रम सन्चालन गर्ने सम्बन्धमा ।

२०८०/७/१०

१) क्रमश: २ पेज मा

CS CamScanner

च.नं. ६७८

४) गड्नास नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको कार्यालयबाट मिति २०८०।०५।०७ गते, मिति २०८०।०५।०८ गते र मित २०८०।०५।१४ गते प्रकाशित शिलबन्दि बोलपत्र पेश गर्ने सम्बन्धी सार्वजनिक सूचना अनुसार मिति २०८०।०६।०७ मा, मिति २०८०।०६।०८ मा र मिति २०८०।०६।१४ मा खोली मुचुल्का गरिएको तर आ.व.०८०/८१ को स्वीकृत कार्यक्रम र योजनामा समावेश नभएका, स्रोत सुनिश्चितता पनि नभएका र आ.व. ०८०।८१ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा समावेश भइ स्रोत सुनिश्चितता तथा बजेट अत्यन्त न्यून भएका, आ.व. ०८०/८१ को वार्षिक योजना तथा कार्यक्रममा लागत साझेलदारी गरी लागत साझेदारीको स्रोत सुनिश्चितताको पूर्णता नभएका र बजेट तथा कार्यक्रममा समावेश नभएका(नेपाल सरकारको समपुरक अनुदान तर्फका/समय सीमा आ.व. ०८०/८१ को १ वर्षमात्र बाँकी भएका), स्रोत सुनिश्चितता अत्यन्त न्यून भएका ( नेपाल सरकार विशेश अनुदान तर्फको /समयसीमा बढीमा आ.व. ०८०/८१देखि ०८२/८३ सहित ३ वर्ष भएका ) तपसिल बमोजिमका विवरण अनुसारका आयोजनाहरुको स्रोत सुनिश्चितता सहित बजेट तथा कार्यक्रम स्वीकृत गरी मुल्याङ्कन प्रक्रिया अगाडि बढाउने वा माथि उल्लेखित भए बमोजिम तपसिल बमोजिमका विवरण अनुसारका आयोजनाहरुको ठेका प्रक्रियाको मुल्याङ्कन कार्य नगर्ने र हालसम्मको ठेक्रम प्रक्रिया रद्ध गरी स्रोत सुनिश्चितता सहितको बजेटका आधारमा मात्र पुनः शिलबन्दी बोलपत्र आव्हान गर्ने सम्बन्धमा ।

| क्र. सं. | शिलबन्दी बोलपत्रको प्रकाशित सूचना बमोजिमको ठेका नं. | शिलबन्दी बोलपत्र प्रकाशित भई मुचुल्का समेत भइसकेका तर मुल्याङ्कन नभएका आयोजनाको नाम | शिलबन्दी बोलपत्र प्रकाशित मिति | शिलबन्दी बोलपत्र खोलेको मिति | ठेक्काको सूचना निकाल्दाको स्वीकृत लागत अनुमान रु | स्रोत सुनिश्चितता सहित आ.व. ०८०/८१मा विनियोजित बजेट | स्रोत सुनिश्चितता नभएका नपुग बजेट | अति न्यून स्रोत सुनिश्चितता भएका बजेटको व्यहोरिने स्रोत | आयोजना कार्यान्वयन समय र सम्पन्न गर्ने तिमा | अन्य थप कैफियत विवरण |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | RAINAS/NCB/W/01/ 080-081 | बगरगाउँ उपल्लोफाँट टुडाबगर ठूलो बगैचा घतीगाउँ जुङ्खेत पङ्खेबेसी सडक | २०८०/०५ /०७ | २०८०/०६/ ०७ | ४०८५६८६६.० ७ | ८०००००० | ३२८५६८६६. ०७ | संघिय समपुरक अनुदान | आ.व. २०७९/८० र २०८०/८१ गरी जम्मा २ वर्ष | स्रोत पुरै सुनुश्चित नभएको, आ.व. २०८०/८१को बजेट तथा कार्यक्रममा पर्याप्त समपुरक कोष नभएको , समय अवधि चालु आ.व. २०८०/८१मा सम्पन्न गरिसक्नुपर्ने, र १ करोड ६० लाख को मात्र शिलबन्दी बोलपत्र प्रकाशित गर्नुपर्ने |
| २ | RAINAS/NCB/W/02/ 080-081 | वडा नं. १ को कार्यालय भवन निर्माण | २०८०/०५ /०७ | २०८०/०६/ ०७ | १५७७६७४६.७ ३ | २५०००००० | १३२७६७४६. ७३ | संघीय समानिकरण | बहुवर्षिय क्रमागत/सालबसाली के हो सुनिश्चित गर्नुपर्ने | आ.व. २०८०/८१को बजेट तथा कार्यक्रममा स्रोत पुरै सुनुश्चित नभएको, बजेट अत्यन्त न्यून भएको, स्रोत सुनिश्चित गरेर वा स्रोत र बजेट हनुसार मात्र ठेक्का बन्दोबस्त गर्ने गरी ठेक्का रद्ध गर्नुपर्ने |
| ३ | RAINAS/NCB/W/03/ 080-081 | वडा नं. ६ को कार्यालय भवन निर्माण | २०८०/०५ /०८ | २०८०/०६/ ०८ | १०३६९३०१.३ | २५००००० | ७८६९३०१.३ ० | संघीय समानिकरण | बहुवर्षिय क्रमागत/सालबसाली के हो सुनिश्चित गर्नुपर्ने | आ.व. २०८०/८१को बजेट तथा कार्यक्रममा स्रोत पुरै सुनुश्चित नभएको, बजेट अत्यन्त न्यून भएको, जग्गाको व्यवस्था नभएकोले जग्गाको व्यवस्था गरिसकेपछि स्रोतको सुनिश्चतता गरी बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्ने अन्यथा बजेट र स्रोत अनुसार मात्र ठेक्का बन्दोबस्त गर्ने गरी ठेक्का रद्ध गर्नुपर्ने |
| ४ | RAINAS/NCB/W/04/ 080-081 | १५ शैया चक्रतिर्थ अस्पतालमा कम्पाउण्ड वाल गेट बेट बर्नर क्यानटिन र सफाइ ब्लक निर्माण | २०८०/०५ /०८ | २०८०/०६/ ०८ | ४५६१४३९१.३ ८ | ० | ४५६१४३९१. ३८ | कुनै पनि निकायबाट स्रोतको व्यवस्था नै नभएको | - | स्रोत पुरै सुनुश्चित नभएको, २०८०/८१को बजेट तथा कार्यक्रममा नै समावेश नभएकोले पुरै ठेक्का रद्ध गर्नुपर्ने |
| ५ | RAINAS/NCB/W/05/ 080-081 | शौभाग्योदय मा.वि. होस्टेल भवन निर्माण | २०८०/०५ /१४ | २०८०/०६/ १४ | ७४५०३४९६.९ १ | ५०००००० | ६९५०३४९६. ९१ | संघीय विशेष अनुदान | आ.व. २०८०/८१, २०८१/८२ र २०८२/८३ गरी बढीमा जम्मा ३ वर्ष | बढीमा १ करोड ५० लाख को मात्र स्रोत सुनुश्चित भएकोले ठेक्का रद्ध गरी पुन स्रोत र बजेट अनुसार लागत अनुमान तयार गरी पुन शिलबन्दी बोलपत्र आव्हान गर्नुपर्ने र आ.व. ०८१/८२ र व.व. ०८२/८३ को लागि पुन क्रमागत रुपमा आयजना माग गरी कार्यान्वयन गर्नुपर्ने/ समयमा कार्यान्वयन नभएमा न.पा.कोस्रोत व्यहोरी कार्यान्वयन गर्नुपर्ने |

१२। क्रमशः ६ पत्रमा

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

२०८०/६/१०

गड्नास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिंगापिप्ले, लमजुङ गण्डकी प्रदेश, नेपाल

CamScanner

च.नं. ६७८

।२। ५

५) राइनास नगरपालिका वडा नं. ०८ स्थित बहुप्राविधिक शिक्षालय जाने बाटो मर्मतको लागि बजेट माग सम्बन्धमा ।

६) राइनास नगरपालिका वडा नं. ०८ स्थित बहुप्राविधिक शिक्षालयको च.नं. ९७, मिति २०८०।०६।१६ कृषि बालि विज्ञान कार्यक्रम तर्फका विभिन्न वडाका १० जना विद्यार्थीहरुका लागि छात्रवृत्ती उपलब्ध गराउने प्रकृया निर्धारण सम्बन्धमा ।

७) राइनास नगरपालिका वडा नं. ०८ स्थित बहुप्राविधिक शिक्षालयको लागि ६ इन्चको पाइप उपलब्ध गराउने सम्बन्धमा ।

८) कारागार कार्यालय लमजुङको च.न. १७४,मिति २०८०।०६।०८ को पत्रानुसर कारागार पोष्ट र खाटको लागि रु १५०,०००।- माग भई आएको सम्बन्धमा ।

९) राइनास न.पा. क्षेत्रधित्रको सडक सोलार बत्ती मर्मत गर्ने सम्बन्धमा ।

१०) स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय गण्डकी प्रदेशपोखराको च.नं. १३४,मिति २०८० ।०६।२१ को पत्रानुसार रा.न.पा. ७ र ८ स्थित चेपेघाट तार्दीखोला मोटरबाटो निर्माण सडक आयोजनाको विवरण एकिन गर्ने सम्वन्धमा ।

११) प्रदेश सरकार र केन्द्र सरकारबाट आ.व. ०८०/८१ को बजेट तथा कार्यक्रम बारे जानकारी सम्बन्धमा

१२) राइनास नगरपालिकामा हाल रहेको ब्याक होई लोडर बिग्रेको कारण ब्याक होई लोडर मर्मत नभईन्जेल सम्म वडाको विभिन्न मर्मत गर्नुपर्ने सडकहरु मर्मतको लागि उ.स.बाट गर्ने सम्बन्धमा ।

१३) राइनास न.पा. अन्तरगत विद्यायन समिति, विधेयक समिति, सुशासन समिति, अर्थ तथा सार्वजनिक लेखा समिति गठन तथा सो को पूर्णता सम्बन्धमा ।

१४) आ.व. ०८०/८१ मा सन्चालन/कार्यान्वयन गर्ने सालबसाली आयोजना र बहुबर्षीय क्रमागत आयोजना को सम्झौता गर्ने मिति तय गर्ने र आयोजना तथा कार्यक्रम सम्पन्न गर्नुपर्ने मिति तय गर्ने सम्बन्धमा ।

१५) जिल्ला प्रशासन कार्यालयको च.न. ९४३, मिति २०८०।०६।०८ को पत्र र सो पत्रमा संलग्न गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा नेपालको च.न. १५५ ,मिति २०८०।६।४ को पत्रानुसार विपद् उद्धारको लागि हेलिप्याड निर्माण स्थल छनोट गरी सम्बन्धमा ।

१६) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन स्तर मुल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धि मापदण्ड २०७८ को प्रकरण नं १० बमोजिम करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादनस्तर मूल्याङ्कनको लागि सुपरीवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिको संयोजक तोक्ने सम्बन्धमा ।

१७) १० वटै बडाका वडा सदस्यहरुले वडा अध्यक्षको निर्देशानुसार कम्तिमा १५ दिनसम्म वडामा र वडा अन्तरगतका विभिन्न सेवा प्रवाह र विकास निर्माणका कार्यहरुको अनुगमन गरी वडामा प्रतिवेदन दिनुपर्ने व्यवस्था गर्ने सम्बन्धमा ।

१८) राइनास न.पा. ५ निवासी मातृका खनाल लगायतका ६ जनाको निवेदन अनुसार रा.न.पा. वडा नं.५ को रिङ्टे खोलामा कल्भर्ट पुल योजनाको सम्बन्धी निवेदन सम्बन्धमा ।

।२। क्रमश: ४ पेजमा

२०८०।६।१०
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

चा.नं. ६६८          १४। ५/०८४

१९) राइनास न.पा. वडा नं. ०२ को कार्यालयको मिति २०८०।६।२६ को पत्रानुसार ग्यावीन जाली भरेको भुक्तानी सम्बन्धमा ।

२०) राइनास न.पा. वडा नं. ८ निवासी जस बहादुर तामाङ्गको निवेदन अनुसार मूलपानी खोला सिंचाई आयोजना ला.अ. रु ३३,१६, ७८९।– को आयोजना माग निवेदन सम्बन्धमा ।

२१) आ.व. ०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पसु सेवा र जन स्वास्थ्य तर्फको औषधिको नर्मस स्वीकृत गर्ने सम्बन्धमा ।

२२) नगर कार्यपालिकाको कार्यालय र अन्तरगका विषयगत शाखाहरुको लागि शिलबन्दी दरभाउपत्र विधिबाट स्टेशनरी (कार्यालय सामाग्री समेत ) खरिद गर्ने सम्वन्धमा ।

२३) बालमैत्री स्थानीय शासन (C.F.L.G.) पुर्व तयारी र तयारीको प्रस्तावना नियमानुसार स्वीकृत गर्ने सम्बन्धमा ।

२४) वालमैत्री स्थानीय शासन (C.F.L.G.) कार्यान्वयन/सन्चालनको क्रममा यस अघि भएको नियमानुसारको सम्झौता र कायदिश बमोजिम परामर्श सेवा उपलब्ध गराउने, परामर्श विज्ञको परामर्श सेवा शुल्क नियमानुसार भुक्तानी गर्ने सम्बन्धमा ।

२५) C.F.L.G. कार्यान्वयनको लागि आगामि दिन देखि बाँकी कामको लागि स्वीकृत स्रोत सुनिश्चितता र बजेट अनुसार शिलबन्दी दरभाउपत्र वा दरभाउ पत्र विधिबाट सूचना आव्हान गरी कार्यक्रम सन्चालन गर्ने सम्बन्धमा

२६) आ.व. ०८०/८१ मा उपभोक्ता समितिबाट सन्चालन /कार्यान्वयन गर्ने आयोजनाहरुको कार्यमा सरलीकरण गर्ने र विधि र प्रक्रिया गर्न न.पा. का र वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई उपभोक्ता समिति र अनुगमन सम्बन्धी ३ दिने तालिम सन्चालन गर्ने सम्बन्धमा ।

२७) नेपाल सरकार रक्षा मन्त्रालय,नेपाली सेना चण्डीप्रसाद गण्ड उदीपुर व्यारेकको च.न.९७ , मिति २०८०।०६।२१ को पत्रानुसार मिति २०८०।०७।२१ ,२२ र २३ गते हुने सामुदायिक विपद प्रतिकार्य तालिममा हरेक वडाबाट ३ जना सहभागी हुने सम्बन्धमा ।

२८) राष्ट्रिय युवा परिषद् बाट प्राप्त आ.व. ०८०/८१ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार युवा क्लव गठन तथा नमुना संसद अभ्यास कार्यक्रम संचालनका लागि हरेक वडामा वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको सदस्यको संयोजकत्वमा १५ सदस्यीय वडा क्लव गठन गर्ने सम्बन्धमा ।

२९) राइनास नगरपालिका र नगरपालिका भित्रको सरकारी सम्पत्ति संरक्षणका लागि विवरण सङ्कलन गर्ने सम्बन्धमा।

३०) निम्न आयोजनाहरुको नपुग बजेट व्यवस्थापन गर्नुपर्ने सम्बन्धमा

(क) रा.न.पा. वडा नं. ३ अन्तरगतको स्वास्थ्य चौकी भवन – ५ लाख

(ख) बगरगाँउ उपल्लोखेत टुनावगर सडक,ठूलो बगैचा पाडेवेशी जुडीखेत सडक – ७ लाख

१४। क्रमशः ५ पेजमा

राइनास नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिन्दिस्थे,लमजुङ गण्डकी प्रदेश, नेपाल

२०८०।६।१० ऋषिराज पडिल प्रमुख प्रशासकीय अधिकृत

च.नं. ६७८ 
।x। 

(ग) बोराङखोला मसार भैंगारी काप्प्रेचौर कत्रेनीडाँडा लामागाँउ प्यारजुङ भञ्याङ रिङरोड – १८ लाख

३१) नगर कार्यपालिका बोर्ड बैठकमा सहभागी हुदाँ औपचारीक पोशाक सहित उपस्थित हुने सम्बन्धमा ।

३२) राइनास नगरकार्यपालिकाकी बैठक संचालन भइरहेका बखत तत्काल निर्णय गर्नुपर्ने जरुरी सार्वजनिक महत्वको विषय सम्बन्धी, अति आवश्यक अति जरुरी तत्काल निर्णय नगरी नहुने विषयको बढीमा १ वटा प्रस्तावको विषयमा ।

।x।

२०८०/६/१० 
प्रकाशराज पौडेल 
प्रमुख प्रशासकीय अधिकृत